# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड २ भक्तपुर, पुस ५ गते, २०७५ साल संख्या ९


**भाग १**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको तेश्रो नगर सभा २०७५ बाट पारित भएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०७५ सालको ऐन**

## भक्तपुर नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५

प्रस्तावना : भक्तपुर नगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ को उपधारा (१), स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(न) र २०१ को अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद – १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रमुख" भन्नाले भक्तपुर नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ ।

(ग) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विस्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनुपर्छ ।

(घ) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १६ बमोजिम भक्तपुर जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(च) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश नं. ३ मा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भक्तपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "प्राकृतिक विपद्" भन्नाले असिना, अतिवृष्टि, अनावृष्टि, बाढी, भू-स्खलन, डुबान, खडेरी, आँधी, हरी बतास, चट्याङ्, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ ।

(झ) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ ।

(ञ) "राष्ट्रिय परिषद" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्छ ।

(ट) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्छ ।

(ठ) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनुपर्छ ।

(ड) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(ढ) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्नेसम्बन्धी कार्य सम्झनुपर्छ।

(ण) “विपद् पुनर्लाभ” भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्छ।

(त) “विपद् प्रतिकार्य” भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ।

(थ) “विपद् व्यवस्थापन” भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ।

(द) “व्यावसायिक प्रतिष्ठान” भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, पार्टी प्यालेस, बहुउद्देश्यीय व्यापारिक भवनजस्ता व्यावसायिक प्रतिष्ठान सम्झनुपर्छ।

(ध) “समिति” भन्नाले दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समिति सम्झनुपर्छ।

(न) “संघीय ऐन” भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ।

(प) “संघीय मन्त्रालय” भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनुपर्छ।

(फ) “सार्वजनिक संस्था” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानुनबमोजिम स्थापना भएका संगठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनुपर्छ।

## परिच्छेद – २
## नगर विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. नगर विपद् व्यवस्थापन समिति: (१) भक्तपुर नगरपालिका भित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक नगर विपद् व्यवस्थापन समिति रहनेछ।

(२) समितिको गठन देहायबमोजिम हुनेछ:-

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) विषयगत समितिका संयोजकहरू - सदस्य

(ङ) प्रतिनिधि जिल्ला प्रशासन कायालय - सदस्य

(च) सामाजिक शाखा प्रमुख - सदस्य

(छ) पूवाधार विकास तथा योजना शाखा प्रमुख - सदस्य

(ज) भक्तपुर नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि -सदस्य

(झ) भक्तपुर नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कायालयको प्रमुख वा प्रतिनिधि - सदस्य

(ञ) नगर प्रहरी प्रमुख - सदस्य

(ट) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) - सदस्य

(ठ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) - सदस्य

(ड) विपद् व्यवस्थापन हेन गार तोकिएको शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्रम संख्या (ञ), (ठ), (ड) र (ण) का सदस्यहरु उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारबाही गनमा असर पन छैन।

(४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गनछ।

४. समितिको बैठक सम्बन्धी व्यवस्था: (१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हने विषयसूची सहितको सूचना सबै सदस्यले पाउने गरी पठाउनु पनछ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र कूल सदस्य संख्याको एक चौथाई सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(५) समितिको बैठक सयोजकको अध्यक्षतामा बस्नेछ।

(६) समितिको निणय बहमतद्वारा हनेछ र मत बराबर भएमा संयोजकले निणायक मत दिनेछ।

(७) समितिले आवश्यकताअनुसार सम्बन्धित निकाय वा सङ्घ–संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गन सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कायविधि समिति आफैले निधारण गरे बमोजिम हनेछ ।

(९) समितिको निणय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५. समितिको काम, कतव्य र अधिकार: समितिको काम, कतव्य र अधिकार देहायबमोजिम हनेछ:-

(क) विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कायकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रमअनुरुप हने गरी नगर विपद् व्यवस्थापन नीति तथा योजना तजुमा गरी कार्यपालिका समक्ष पेश गन,

(ख) नगरसभाबाट स्वीकृत नीति तथा योजनाको अधिनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकाय तथा विपद् पुनलाभसम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कायक्रम स्वीकृत गरी लागू गर्न, गराउने,

(ग) भक्तपुर नगरपालिकामा संचालन हने विपद् व्यवस्थापन सम्बन्धी कायक्रम तथा बजेट प्रस्ताव तयार गन गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा नगरपालिकाको संस्थागत क्षमता विकास गन, गराउने,

(ङ) नगरपालिकाका पदाधिकारी, कमचारी, स्वयंसेवक, स्थानीय टिम, क्लव, पुस्तकालय, खेलकुद समिति, विद्यालय लगायत अन्य संघसस्था, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हनासाथ खोज, उद्धार र राहतलगायतका प्राथमिक कायहरू तत्काल गनको लागि संस्थागत संयन्त्र स्वत: परिचालित हने गरी आवश्यक कायविधि तथा मापदण्ड तजुमा गरी लागू गन, गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानुनको अधिनमा रही सावजनिक, निजी, गैरसरकारीलगायत सबै निकाय तथा संस्थाले निवाह गनुपन भूमिका निधारण गन तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कायक्रममा विपद् व्यवस्थापनसम्बन्धी विषय समावेश गन लगाउने,

(ज) विपद्को समयमा स्थानीय सञ्चार माध्यमहरूको भूमिकासम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्न, गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापनसम्बन्धी काय गन, गराउने,

(ञ) भौतिक संरचना निमाण गदा भवनसंहितालगायत अन्य स्वीकृत निदशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सावजनिक पूवाधारसम्बन्धी संरचनाको विपद् जोखिम मूल्यांकन गर्न, गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्न व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कायमा सहयोग गर्न तथा सुरक्षित स्थानमा बसोबाससम्बन्धी सचेतना जगाउने,

(ड) विपद्बाट स्थानीय स्तरमा निजी तथा सावजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुनसंचालनका लागि सेवा निरन्तरताको योजना तजुमा तथा कायान्वयन सम्बन्धी काय गन, गराउने,

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरूक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कायक्रम तजुमा गन तथा विपद्को घटना हनासाथ प्रतिकायका लागि परिचालित हन वडा तथा समुदायस्तरमा विपद् पूवतयारी तथा प्रतिकार्य समिति गठन गन,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापनसम्बन्धी विषय समावेश गन पहल गर्न,

(त) विपद् प्रतिकायका लागि नमूना अभ्यास गन, गराउने,

(थ) विपद्को समयमा प्रयोग गन सकिने गरी वारुणयन्त्र, एम्बुलेन्सलगायतका अन्य उपकरणहरू तयारी अवस्थामा राख्न लगाउने,

(द) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गन,

(ध) नगरपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूवचेतावनी प्रणालीको विकास र सञ्चालन गन, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार राहतको व्यवस्था मिलाउने,

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निधारण तथा परिचयपत्र वितरण गर्न, गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हन सक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

(भ) विपद्को जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न, गराउने,

(म) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने,

(य) विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्न, गराउने,

(र) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्न,

(ल) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा नगरसभाले तोकेका अन्य कार्य गर्न, गराउने,

(व) विपद् व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकुल नहने गरी नगर कार्यपालिकाले तोकेबमोजिमका अन्य कार्य गर्न, गराउने,

(श) विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हने राहत तथा पुनर्निर्माण र पुनर्लाभका विषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्डअनुसार गर्न, गराउने।

परिच्छेद – ३

वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. वडा स्तरीय विपद् व्यवस्थापन समितिः (१) नगरपालिकाको प्रत्येक वडामा एक वडास्तरीय विपद् व्यवस्थापन समिति रहनेछ।

(२) वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हनेछ:-

(क) वडाअध्यक्ष -संयोजक

(ख) वडासदस्यहरु - सदस्य

(ग) वडा भित्र रहेका विषयगत शाखा ईकाइ कायालय प्रमुखहरु - सदस्य

(घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरु - सदस्य

(ङ) वडामा रहेका विद्यालयहरुमध्येबाट एक जना प्रतिनिधि - सदस्य

(च) स्थानीय रेडक्रस - सदस्य

(छ) सामुदायमा आधारित संघसंस्था तथा वडा खेलकुद समितिबाट - सदस्य

(ज) संयोजकले तोके बमोजिम - सदस्य

(झ) स्वास्थ्यकर्मी वडा नस तथा महिला स्वास्थ्य स्वमंसेविका - सदस्य

(ञ) सामाजिक कायकता वा सामाजिक कार्य विषयमा अध्ययन गरी रहेका व्यक्तिहरु - सदस्य

(ट) वडा सचिव - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हने विषयसूची सहितको सूचना सबै सदस्यले पाउने गरी पठाउनुपनछ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा कूल संख्याको एक चौथाई संख्या उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गनछ।

(८) समितिको निणय बहमतद्वारा हनेछ र मत बराबर भएमा संयोजकले निणायक मत दिनेछ।

(९) समितिले आवश्यकताअनुसार सम्बन्धित निकाय वा सङ्घ–संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गन सक्नेछ।

(१०) समितिको बैठकसम्बन्धी अन्य कायविधि सो समिति आफैले निधारण गरेबमोजिम हनेछ।

(११) समितिको निणय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

७. वडास्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) वडाभित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभसम्बन्धी कार्यक्रम सञ्चालनका लागि नगर विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरुपका विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(ङ) समुदायमा विपद् व्यवस्थापनका सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहहरूलाई परिचालन गर्न गराउने,

(च) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, वडा खेलकुद समिति, टिम, क्लब, पुस्तकालय, सामाजिक अगुवा, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्ने तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहतलगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपत्कालीन नमुना अभ्यास गर्ने, गराउने,

(ञ) विपद्बाट प्रभावित घर परिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नगर विपद् व्यवस्थापन समितिको निर्णयअनुसार विपद् व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने, गराउने।

(ङ) वडाभित्र रहेका सम्भवित सुरक्षित स्थलहरुको पहिचान गरी नक्सांकन गरी सावजनिक स्थलमा प्रदशन गन ।

## परिच्छेद – ४
## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

८. सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वय: (१) नगरकायपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गनछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कायका लागि नगरकायपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा नगरकायपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराईने छ ।

(३) विपद् प्रतिकायका लागि नगरकायपालिकाले नगर प्रहरीलाई परिचालन गनछ ।

९. वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कतव्य र अधिकार:

(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निदशनको पालना गनुपनछ ।

(२) आपत्कालीन काय सम्पादन गदा समितिको आदेशबमोजिम कुनै पनि स्थानमा प्रवेश गन तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गन अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हनेछ ।

१०. सावजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व: (१) विपद् व्यवस्थापन सम्बन्धमा नगरपालिकाभित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहायबमोजिम हनेछ:-

(क) आफ्नो भवन, उद्योग, कायालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गन,

(ख) तथ्यांक संकलन, क्षतिको मूल्यांकन, राहत, पुनस्थापना तथा पुननिमाण समेतका सम्पूण कार्यमा आवश्यक सहयोग गन,

(ग) आफ्ना कमचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गन गराउने,

(घ) विपद् व्यवस्थापन कायमा उपयोग हने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवनलगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कायमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदूषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पन सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गन उपायहरू अपनाउने,

(झ) विपद्को घटना भएमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कायसञ्चालन केन्द्रलाई खबर गन ।

(२) नगरपालिकाभित्रका सावजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नगरपालिकाको विपद् व्यवस्थापनसम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तजुमा गरी अनिवाय रूपमा लागू गनुपनछ ।

११. विपद् व्यवस्थापनमा सहयोग गनुपन : नगरपालिकाभित्रका सरकारी कायालय, गैरसरकारी सस्था, स्थानीय संघ संस्था, समुदाय, स्वयंसेवक, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कायमा नगरकार्यपालिकालाई देहायबमोजिम सहयोग गनुपर्नछः-

(क) तथ्यांक संकलन, क्षतिको मूल्यांकन, राहत, पुनस्थापना तथा पुननिमाण लगायतका विपद् व्यवस्थापनसम्बन्धी कायमा सहयोग गन,

(ख) विपद् व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धि गन,

(ग) क्षमता विकास, आपत्कालीन नमुना अभ्यास तथा विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षण कायक्रममा सहयोग गन तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरणसम्बन्धी कायमा सहयोग गन,

## परिच्छेद – ५

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१२. विपद् व्यवस्थापन कोष : (१) विपद् व्यवस्थापनका लागि नगरपालिकामा छुट्टै एक कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्:-

(क) नगरपालिकाको वाषिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गन गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै संघ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) विपद् व्यवस्थापनका लागि नगरपालिकाले कानुनबमोजिम विशेष शुल्क वा दस्तुर संकलन गन सक्नेछ।

(४) कोषको सञ्चालन तोकिएबमोजिम हनेछ।

(५) कोषको रकम विपद् व्यवस्थापनसम्बन्धी कामका लागि प्रयोग गरिनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कायको लागि खच गरिनेछैन।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हनेछ।

(८) समितिले कोषको वाषिक आय–व्ययको प्रतिवदेन तयार गरी कायपालिका माफत् नगरसभासमक्ष पेश गनछ।

## परिच्छेद – ६

## कसूर तथा सजाय

१३. कसूर र सजाय : (१) कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुई वषसम्म कैद वा दुवै सजाय हनेछ।

(२) कसैले देहाय बमोजिमको कुनै काय गरेमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हनेछ।

(क) कुनै विपद्को घटना घट्न सक्ने अफवाह फैलाई सावजनिक रुपमा त्रास सृजना गरेमा

(ख) अनुमति लिई वा नलिई विपद्का नाममा चन्दा राहत वा सहयोग संकलन गरेमा आफूखुशी वितरण गरेमा वा व्यक्तिगत लाभमा प्रयोग गरेमा

(ग) विपद्को समयमा अप्राकृतिक रुपमा बजार मूल्य वृद्धि गरेमा वा कृत्रिम अभाव सिजना गरेमा वा गुणस्तरहीन वस्तु तथा सेवाको कारोवार गरेमा।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिमको कसूर गरेको कारण कसैको ज्यान गएमा अंगभंग भएमा वा चोटपटक लागेमा त्यस्तो काय गन व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हनेछ।

(४) कसैले देहाय बमोजिमको काय गरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हनेछ ।

(क) यस ऐन अन्तगतको कुनै काय गन नेपाल सरकार परिषद् प्राधिकरण वा यस ऐन बमोजिम गठित कुनै समिति वा त्यस्तो कायको लागि अख्तियारी प्राप्त नगरपालिकाको कमचारी वा तोकिएको व्यक्तिलाई आफ्नो कतव्य पालना गन बाधा पुऱ्याएमा

(ख) यस ऐन कायान्वयन गन सम्बन्धमा जारी भएका आदेश वा निदशन पालना नगरेमा

(ग) राहत सामग्री वितरणमा अवरोध गरेमा वा राहत सामग्रीको दुरुपयोग गरेमा

(घ) उपदफा (१) (२) र (३) मा उल्लेख गरिएका बाहेक यो ऐन तथा यस ऐन अन्तगतको नियम विपरीतको कुनै काय गरेमा ।

(५) यस ऐन विपरीतको काय कुनै संगठित संस्थाले गरेमा त्यस्तो कायमा संलग्न त्यस्तो संस्थाको व्यक्तिलाई र त्यस्तो व्यक्ति यकिन नभएमा सो संस्थाको प्रमुख भई काय गन व्यक्तिलाई यस दफा बमोजिमको सजाय हनेछ ।

१४. दण्ड सजायका लागि लेखी पठाउने : कसैले यस ऐनको दफा १३ मा उल्लेखित कसूर गरेको देखिएमा सवसाधारण वा विपद् प्रतिकायमा संलग्न व्यक्ति वा संस्थाले नगर विपद् व्यवस्थापन समिति समक्ष उजुरी दिन सक्नेछ र त्यस्ता उजुरीमा संघीय वा प्रदेश कानून बमोजिम कारवाहीका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा लेखी पठाउने छ ।

## परिच्छेद – ७
## विविध

१५. विपद् संकटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय : (१) नेपाल सरकारले नगरपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएमा विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानुनबमोजिम कुनै काम गन–गराउन आदेश दिएमा सोको पालना गनु गराउनु नगरपालिकाको कतव्य हनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानुनबमोजिम कुनै काम गन गराउन नगरपालिकाभित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गन गराउन नगरपालिकाले आवश्यक समन्वय गनछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रसम्बन्धी सूचनाको प्रसारणमा नगरपालिकाले सहयोग र समन्वय गनछ ।

१६. नेपाल सरकारको स्वीकृतिमा मात्र प्रवेश गनुपन : (१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गनुपरेमा नेपाल सरकार तथा नगरपालिकाको स्वीकृति लिनु पनछ।

(२) उपदफा (१) बमोजिम त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकार र नगरपालिकाको स्वीकृति नलिएमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराइनेछ।

१७. मानवीय तथा अन्य सहायता र समन्वय : (१) नगरपालिका भित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गन आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गन क्रममा नेपाल सरकारले अन्तराष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निदशनमा रही तत्सम्बन्धी कायमा सहयोग र समन्वय गरिनेछ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै जिल्ला समन्वय समिति वा प्रदेश सरकारमाफत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु नगरकायपालिकाको दायित्व हनेछ।

१८. तत्काल खरिद तथा निमाण र प्रयोग गन सकिने : (१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निमाण काय गन आवश्यक भएमा सावजनिक खरिदसम्बन्धी प्रचलित कानुनमा रहेको विशेष परिस्थितिमा खरिद गनसम्बन्धी व्यवस्थाबमोजिम नगरकायपालिकाले खरिद वा निमाण काय गन सकिनेछ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हन नदिनका लागि नगरपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी कायालय वा अन्य संघ–संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी–साधन उपयोग गन आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गन सकिनेछ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कायालय वा अन्य संघ–संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गन सकिनेछ।

(४) नगरपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दरअनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

१९. राहतको न्यूनतम मापदण्डसम्बन्धी व्यवस्था : (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहत उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनुपर्नेछ:-

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनुपर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइसम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहतसम्बन्धी,

(ग) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपांगता भएका व्यक्तिको आवश्यकता सम्बोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरुको लागि सुरक्षित महिला मैत्री स्थल,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षासम्बन्धी,

(ङ) न्यूनतम राहतबाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपाजनसम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणालीअनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

२०. विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा : विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका नगरपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउनेसम्बन्धी व्यवस्था प्रचलित कानुनले तोके बमोजिम हुनेछ।

२१. निदशन दिन सक्ने : समितिले यस ऐनको अधिनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निदशन दिन सक्नेछ र त्यस्तो निदशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कतव्य हनेछ ।

२२. उपसमिति गठन गन सक्ने : (१) समितिले आवश्यकताअनुसार उपसमिति गठन गन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हने उपसमितिको काम, कतव्य, अधिकार र कायावधि उपसमिति गठन गदाका बखत तोकिए बमोजिम हनेछ ।

२३. अभिलेख राख्नुपनः (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलब्ध गराईएको राहत तथा सोको परिमाण सहितको विवरण

२४. पुरस्कार दिन सक्ने : स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहनस्वरूप समितिको सिफारिसमा नगर कायपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

२५. वाषिक प्रतिवेदन : (१) समितिले प्रत्येक आथिक वषमा गरेको कामको विवरण सहितको वाषिक प्रतिवेदन तयार गरी कायपालिकामाफत् नगरसभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गनुपनेछ ।

(२) उपदफा (१) बमोजिमको वाषिक प्रतिवेदन सावजनिक रूपमा प्रकाशन गनुपनछ ।

२६. प्रशासनिक खच व्यवस्थापन: समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कायसँग सम्बन्धित न्युनत्तम प्रशासनिक खच नगरकायपालिकाले व्यवस्था गनछ |

२७. अधिकार प्रत्यायोजन : यो ऐन तथा यस ऐनअन्तगत बनेको नियमबमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गन सक्नेछ ।

२८. नियम बनाउने अधिकार : नगर कायपालिकाले यो ऐन कायान्वयनका लागि आवश्यक नियम तथा कायविधि बनाउन सक्नेछ ।

**आज्ञाले**
**(रोहित राज पोखरेल)**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०७५।४।३ गते**

---

**मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८**